रुपनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल

☎ 031-450035
031-450086

साना सिचाई विशेष कार्यक्रम
(प्रथम पटक सूचना प्रकाशन मिति :२०७६।१०।९)

रुपनी गाउपालिका
सवै वडा कार्यालयहरु

## सूचना ! सूचना !! सूचना !!!

रुपनी गाउँपालिकाको कार्यालय,सप्तरी द्वारा आ.व.२०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सर्शत अनुदान कार्यक्रमको साना सिचाई विशेष कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रम संचालन हुने भएकोले सहकारी ऐन२०४८ अनुसार सहकारी कार्यालयमा दर्ता भएका कृषि सहकारी संस्था वा व्यवसायी कृषि उत्पादन बजार र प्रशोधन कार्य गर्ने उदेश्यले कृषकहरु संगठित भई सरकारी कार्यालयमा दर्ता भएका इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुलाई यो सूचना प्रकाशित भएको मितिले २१(ऐकईस)दिन भित्र तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यस कार्यालयमा निवेदन दर्ता गराउनु हुन अनुरोध छ ।

**तपशिल**

**संचालन हुने कार्यक्रम**

१.साना सिचाई (विघुतीय मोटर वितरण) कार्यक्रम ।

**शर्तहरु :**

१. रु.१०।-(दश)को टिकट सहित पूर्ण रुपले भरेको निवेदन फारभ फायलमा दिनुपर्ने ।
२.मागँ निवेदकको नागरिकता प्रमाणपत्रको फोटोकोपी दिनुपर्ने ।
३.कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुले रु.१००।-(एक सय)मात्र फिर्ता नहुने गरी राजस्व दाखिला गरेको भौचर/रसिद ।
४. सूचना प्रकाशन भएको मिति भन्दा अगाडी नै कृषक समुह/कृषि सहकारी/कृषि फर्म दर्ता भएको हुनु पर्ने ।
५. कृषक समुह/कृषि सहकारी/कृषि फर्म प्रमाणपत्रको फोटोकोपी नविकरण भएको ।
६. आयोजना मागँ गर्ने कृषक समुह/कृषि सहकारी र कृषि फर्मको निर्णय प्रतिलिपि ।
७. कृषि सहकारीले पान नं.,गत आ.व.को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
८..रित नपुगेको,अधुरो भरेको फारम र म्याद नाघी प्राप्त भएको निवेदन उपर कुनै कार्वाही गरिने छैन ।
९.साना सिंचाइ (विघुतीय मोटर वितरण) कार्यक्रममा घटीमा १५ प्रतिशत रकम जनश्रमदान वापत कृषक समुह/कृषि सहकारी/कृषि फर्मले व्यहोर्नु पर्ने छ ।
१०. पकेट तर्फ तथा गत विगतमा अनुदान प्राप्त गरेको संस्थाहरुलाई ग्रहयता दिईने छैन ।

नोट :-कार्यक्रम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको समितिमा रहने छ । माथि उल्लेख भएको बाहेक अन्य विषयहरुको हकमा साना सिचाई विशेष कार्यक्रम निर्देशिका २०६१ कार्यान्वयन अनुसार हुनेछ । थप जानकारीको लागी रुपनी गा.पा.कृषि शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत